संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

**प्रेस विज्ञप्ति – २०६४ कात्तिक २०**

---

## उच्चायुक्तको कार्यालयद्वारा पत्रकार वीरेन्द्र साहको हत्याको भर्त्सना

मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल पत्रकार वीरेन्द्र साहको हत्याको भर्त्सना गर्दछ। नेकपा–माओवादीद्वारा आफ्नो छानबिन समितिको निष्कर्षका आधारमा हिजो उक्त हत्या सार्वजनिक गरियो। जिम्मेवारहरूलाई कानुन तथा अन्तर्राष्ट्रिय मानवअधिकार मापदण्डअनुरूप अभियोजन गर्न राज्यअधिकारीहरूले पूर्ण तथा निष्पक्ष अनुसन्धान गर्नु अब अपरिहार्य भएको छ। उच्चायुक्तको कार्यालय–नेपालले राज्यअधिकारीहरूलाई सहयोग गर्ने नेकपा–माओवादीको आश्वासनलाई ध्यानमा राखेको छ; त्यस सम्बन्धमा वीरेन्द्र साहको शव रहेको ठाउँ पत्ता लगाउने कुरालाई प्राथमिकता दिनैपर्छ।

उच्चायुक्तको कार्यालय–नेपालले यसअघि नै साहको अपहरण तथा बेपत्ता पार्ने कार्यको भर्त्सना गरिसकेको छ। अक्टोबर (असोज/कात्तिक)मा भएका दुईवटा बैठकमा तथा हालैको एउटा पत्रमा उच्चायुक्तको कार्यालय–नेपालका प्रमुख रिचर्ड बेनेटले साहको अपहरण तथा बेपत्ता पार्ने कार्य अस्वीकार्य छ र यो वैयक्तिक स्वतन्त्रता तथा सुरक्षामाथिको दुर्व्यवहार हो भनी नेकपा–माओवादीका नेताहरूलाई बताउनुभयो।

उच्चायुक्तको कार्यालय–नेपालले वीरेन्द्र साहको अपहरण तथा हत्या गर्ने पार्टी नीति थिएन भन्ने नेकपा–माओवादीका भनाइलाई ध्यानमा लिएको छ। तर, सो अपहरण नेकपा–माओवादीका कार्यकर्ताहरूद्वारा जारी राखिएका अपहरणको ढाँचाका सबैभन्दा पछिल्लामध्ये एक हो। व्यक्तिहरूलाई सोधपुछ, अभद्र व्यवहार वा अझ नराम्रो कामका लागि अज्ञात स्थलतर्फ लैजाने कार्यले सर्वाधिक आधारभूत मानवअधिकार सिद्धान्तहरूको उल्लङ्घन गर्दछ।

त्यस्ता दुर्व्यवहारपूर्ण कार्यका सबैभन्दा खराब परिणाम बेपत्ता पार्ने कार्य तथा हत्या हुन्, जसले मानवअधिकारको पालना गर्ने नेकपा–माओवादीका प्रतिबद्धताहरूलाई अवमूल्यन गर्दछ। उच्चायुक्तको कार्यालय–नेपालले नेकपा–माओवादीका सबै तहमा यी चिन्ताहरूलाई बारम्बार उठाएको छ र यी कार्यहरू अन्त्य होऊन् भन्ने कुरा सुनिश्चित गर्न नेतृत्वलाई आफ्नो आह्वान दोहोऱ्याउँदछ।

नेकपा–माओवादीका कार्यकर्ता, राज्यपात्र, अवैध सशस्त्र समूह तथा अरू व्यक्तिहरूद्वारा भएका मानवअधिकार उल्लङ्घन, दुर्व्यवहार तथा अन्य कार्यका लागि चिरस्थायी दण्डहीनताले यस्तो वातावरणको सिर्जना गरेको छ जहाँ पीडकहरूले आफूलाई जवाफदेही बनाइँदैन भन्ने बुझेर काम गर्दछन्। उच्चायुक्तको कार्यालय–नेपालले दण्डहीनताको अन्त्य तथा कानुनी शासनको पुनर्स्थापना गर्न सशक्त उपायहरू अवलम्बन गर्न बारम्बार आह्वान गरेको छ।

> "सबै व्यक्तिहरूजस्तै पत्रकारहरूसँग पनि सुरक्षित तथा धम्की, अपहरण वा शारीरिक हानिको भयमुक्त वातावरणमा आफ्ना दैनिक गतिविधि सञ्चालन गर्न पाउने अधिकार रहेको छ", उच्चायुक्तको कार्यालय–नेपालका कार्यवाहक प्रमुख स्यान्ड्रा बेइडासले भन्नुभयो। "पत्रकार वीरेन्द्र साहको हत्याका लागि जिम्मेवारहरूलाई न्यायको कठघरामा ल्याउनु अत्यावश्यक छ। सबै उल्लङ्घन, दुर्व्यवहार तथा अन्य हिंसात्मक कार्यका पीडकहरूलाई अभियोजन गर्नाले त्यस्ता कार्य अब सह्य हुँदैन भन्ने स्पष्ट सन्देश जानेछ।"

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org